व्यक्तिको इस्लामको उत्कृष्टता भनेको उसलाई नचाहिने कुराहरू त्याग्नु हो।

अबु हुरैराह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ: "व्यक्तिको इस्लामको उत्कृष्टता भनेको उसलाई नचाहिने कुराहरू त्याग्नु हो।"
[قال النووي: حديث حسن] [رواه الترمذي وغيره]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो स्पष्ट पार्नुभएको छ, एक मुस्लिमको इस्लामको सौन्दर्य र उसको ईमानको पूर्णता यस कुरामा निहित छ, ऊ आफूसँग असम्बन्धित, लाभहीन वा सरोकार नराख्ने कुराहरू (चाहे ती शब्द हुन् वा कर्म) बाट टाढा रहन्छ। धर्म वा दुनियाका ती कुराहरू, जो उससँग सम्बन्धित छैनन्, तिनीहरूमा संलग्न हुनु बुद्धिमत्ताको विपरीत हो। यदि मानिस अर्थहीन कुरामा व्यस्त रह्यो भने, त्यसले उसलाई आफ्ना वास्तविक जिम्मेवारी र सरोकारका विषयहरूबाट विमुख गराउन सक्छ, अथवा उसलाई यस्ता कार्यहरूतर्फ लैजान सक्छ जुन उसले परित्याग गर्नुपर्ने हुन्छ। निश्चय नै, कियामतको दिन मानिसले आफ्ना सम्पूर्ण कर्महरूको लेखाजोखा दिनुपर्नेछ।

http://www.sunnah.global/hadeeth/ne/show/65255